रासी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महुलिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८३।८४
बैठक नं.-०३
मिति २०८३।०६।२३

मिति २०८३।०६।२३ गते राप्ती गाउँकार्यपालिकाका कार्यवाहक अध्यक्ष श्री कमलापति चौधरीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:

१. यस अघि भएका कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा।
२. राप्ती चक्रपथ निर्माण तथा स्तरोन्नतिका लागि क्षेत्र निर्धारण सम्बन्धमा।
३. पढ्दै कमाउँदै विद्यालय कृषि कार्यक्रम कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा।
४. राप्ती गाउँपालिका स्तरीय हाटबजार सञ्चालनको जिम्मेवारी सम्बन्धमा।
५. रासायनिक मलको ढुवानी शुल्क समायोजन सम्बन्धमा।
६. भगवानपुर, मझेरियादेखि लट्ठहवा जोड्ने बाटो दोलाई खोलामा पुलका लागि जग्गा विवाद सम्बन्धमा।
७. राप्ती गाउँपालिका सरसफाइ रनिङ शिल्ड सञ्चालन कार्यविधि (**पहिलो संशोधन, २०८३**) स्वीकृत सम्बन्धमा।
८. राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालनका लागि स्रोत सुनिश्चित गर्ने सम्बन्धमा।
९. सडक मर्मत सम्बन्धमा।
१०. राहत उपलब्ध गराउने सम्बन्धमा।
११. घर पुनर्निर्माणका लागि राहत उपलब्ध गराउने सम्बन्धमा।
१२. कृषि एम्बुलेन्स उपलब्ध गराउने सम्बन्धमा।
१३. कपडा बैंक स्थानान्तरण सम्बन्धमा।
१४. चालु आ.व. २०८३/८४ अन्तर्गत असोज मसान्तसम्मको आय-व्ययको समीक्षा सम्बन्धमा।
१५. पोलबोर्ड र बिलबोर्ड सम्झौता तथा अनुमति सम्बन्धमा।
१६. उपचारका लागि आर्थिक सहयोग सम्बन्धमा।
१७. खेलाडीलाई सम्मान गर्ने सम्बन्धमा।
१८. पशु वृद्धाश्रम र गौशाला सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।
१९. विद्युतीय चुलो खरिदका लागि स्रोत सुनिश्चित गर्ने सम्बन्धमा।
२०. प्रतिनिधि तोक्ने सम्बन्धमा।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८३।८४
बैठक नं.-०३
मिति २०८३।०६।२३

मिति:२०८३।०६।२३ गते राप्ती गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री कमलापति चौधरीज्युको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं.१ यस अघिका कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २: स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, बुटवलमार्फत आ.व.२०८३।०८४ बाट कार्यान्वयन हुने गरी राप्ती चक्रपथ निर्माणका लागि बहुवर्षीय बजेट विनियोजन भएको छ। उक्त आयोजना राप्ती गाउँपालिका वडा नं. २ को मुक्तिनगरदेखि पश्चिम तर्फ क्रमागत रूपमा कार्यान्वयन हुने गरी क्षेत्र निर्धारण गर्ने।

निर्णय नं. ३: "पढ्दै कमाउँदै विद्यालय कृषि कार्यक्रम कार्यविधि, २०८३" स्वीकृत गर्ने।

निर्णय नं. ४:राप्ती गाउँपालिका वडा नं. ३ को श्रीचौरमा सञ्चालन हुँदै आएको हाटबजारको दैनिक सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी घन्टदेव सामुदायिक वन उपभोक्ता समितिलाई प्रदान गर्ने जसअन्तर्गत हाटबजारको नियमित अनुगमन तथा निरीक्षण गर्ने पूर्ण अधिकार गाउँपालिकामा निहित रहने,हाटबजार क्षेत्रको फोहोरमैला व्यवस्थापन र वातावरणीय स्वच्छताको पूर्ण जिम्मेवारी समितिमा हुने गरी जिम्मेवारी प्रदान गर्ने।

निर्णय नं. ५ : आ.व.२०८३।०८४ का लागी रासायनिक मलको ढुवानी दर (जिल्ला दररेट) अनुसार प्रतिक्विन्टल प्रतिकिलोमिटर रु. १.८५।-(एक रुपैया पचासी पैसा) रहेकोमा, उक्त ढुवानी रकम न्युन भएको भनि विभिन्न मल वितरक सहकारी संस्थाहरुवाट निवेदन प्राप्त भएको र सो सम्बन्धमा हाल पेट्रोलियम पदार्थको मुल्य समेत वृद्दि भएको देखिएको हुदा उल्लेखित ढुवानी दरलाई परिमार्जन गरी रु. २.८५ (दुई रुपैयाँ पचासी पैसा) कायम गर्ने।

निर्णय नं. ६: भगवानपुर-मझेरियादेखि लठ्ठहवा जोड्ने सडक खण्ड अन्तर्गत दोलाई खोलामा निर्माणाधीन पुलका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा देखिएको विवाद निरुपण गर्ने जिम्मेवारी वडा नं. ५ र ६ को वडा समितिलाई प्रदान गर्ने।

निर्णय नं. ७: "राप्ती गाउँपालिका सरसफाइ रनिङ शिल्ड सञ्चालन कार्यविधि"(पहिलो संशोधन २०८३)स्वीकृत गर्ने।

निर्णय नं. ८ : आर्थिक वर्ष २०८३/८४ मा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालनका लागि विनियोजित रु. ५ लाख बजेट अपुग हुने देखिएकाले, सोही खेलको प्रशिक्षण खर्चतर्फ विनियोजित रु. २ लाख रकम समेत राष्ट्रपति रनिङ शिल्ड सञ्चालन प्रयोजनका लागि सुनिश्चित गर्ने।

निर्णय नं. ९ राप्ती गाउँपालिका क्षेत्रको विभिन्न कच्ची सडकहरु वर्षातको कारण क्षतिग्रस्त रहेको हुदा सवै वडाहरुको विभिन्न सडकहरुलाई सडक मर्मत संभार शिर्षकवाट खर्च हुने गरी पालिकाको व्याकहोलोडर प्रयोग गरी तत्काल मर्मत कार्य अगाडी वढाउने र उक्त मेशिन प्रयोगको अधिकतम समय(अवधि) देहाय बमोजिम निर्धारण गर्ने।

तपसिल।

क्र.स.	वडा कार्यालय	मेशिन प्रयोगको अधिकतम समय(घण्टा)	मेशिन प्रयोगको क्रम
१	वडा नं.१ कार्यालय	१० घण्टा	७
२	वडा नं.२ कार्यालय	२० घण्टा	८
३	वडा नं.३ कार्यालय	१० घण्टा	६
४	वडा नं.४ कार्यालय	१० घण्टा	५

२०८३।०६।२६

राजेश मल्लाहि
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८३।८४
बैठक नं.-०३
मिति २०८३।०६।२३

५	वडा नं.५ कार्यालय	३० घण्टा	४
६	वडा नं.६ कार्यालय	१० घण्टा	१
७	वडा नं.७ कार्यालय	१० घण्टा	२
८	वडा नं.८ कार्यालय	१० घण्टा	३
९	वडा नं.९ कार्यालय	३० घण्टा	९

निर्णय नं.१० मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी,भोटेकोशी नदी तथा तल्लो तटिय क्षेत्रमा आएको भिषण बाढीवाट भएको ठुलो जनधनको क्षतीप्रति राप्ती गाउँकार्यपालिका गहिरो दुःख व्यक्त गर्दछ। विपदबाट क्षतिग्रस्त हुन पुगेका भौतिक संरचनाको पुन निर्माण,सार्वजनिक सेवाको पुनःसंचालन साथै बाढीबाट प्रभावित तथा जोखीममा रहेका व्यक्तीहरुको खोज,उद्धार,राहत,अस्थायी बसोबास लगाएतलका कार्यलाई सहकार्य र समन्वय मार्फत सहज बनाउन तिनै तहका सरकारको उत्तीकै जिम्मेवारी रहेको हुदा राप्ती गाउँपालिकावाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५ लाख विपद् व्यवस्थापन कोष संचालन शिर्षकवाट सहयोग गर्ने तथा राप्ती गाउँपालिकामा कार्यरत श्रेणी विहिन कर्मचारी/शिक्षकको २ दिनको,सहायक स्तरका शिक्षक/कर्मचारीको ५ दिनको,अधिकृत स्तरका कर्मचारी/शिक्षकको ७ दिनको र जनप्रतिनिधिहरुको हकमा ५ दिनको तलब/पारिश्रमिक प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा योगदान गर्ने साथै उक्त बाढीमा यस गाउँपालिकामा बसोबास गर्ने तपसिलका नागरीकहरु वेपत्ता रहेको हुदा निजको परिवारलाई जनहि ५० हजार रुपैया दरले उल्लेखीत कोषवाट खर्च हुने गरी रकम उपलब्ध गराउने।

क्र.स.	वेपत्ता भएका नागरीकरुको नाम	ठेगाना
१	सर्वेस चौधरी	राप्ती गा.पा.वडा नं.-३ ,दाङ
२	सिजन चौधरी	राप्ती गा.पा.वडा नं.-४,दाङ
३	राम बहादुर चौधरी	राप्ती गा.पा.वडा नं.-४,दाङ
४	अनिल चौधरी	राप्ती गा.पा.वडा नं.-५,दाङ

निर्णय नं.११ राप्ती गाउँपालिका वडा नं.२ मुक्ति नगर टोलमा बसोबास गर्ने श्री बल बहादुर चौधरीको मिति २०८३।०६।११ गते आएको अविरल वर्षादका कारण निजको घर पुर्ण रुपमा भत्कन गई बसोबास गर्न नमिल्ने भएको भनि वडा नं.२ को कार्यालयको सिफारीस पत्र तथा ईलाका प्रहरी कार्यालय भालुवाङको स्थलगत सर्जमिन मुचुल्का समेत प्राप्त भएकोले निज पिडितलाई घर पुनःनिर्माण कार्यको लागी राप्ती गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन शिर्षकबाट भुक्तानी हुने गरि रु २५ हजार राहत सहयोग उपलब्ध गराउने।

निर्णय नं.१२ मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी,भोटेकोशी नदी तथा तल्लो तटिय क्षेत्रमा आएको भिषण बाढीवाट देउखुरी क्षेत्रवाट वेपत्ता भएका नागरिकहरुलाई राहत वितरणको लागी थारु कल्याणकारी सभावाट एम्वुलेन्स माग भएकोमा राप्ती गाउँपालिका क्षेत्रभित्र राहत वितरणको लागी मात्र कृषि एम्वुलेन्स उपलब्ध गराउने।

निर्णय नं.१३ राप्ती गाउँपालिका परिसर भित्र रहेको कपडा वैकलाई राप्ती गाउँपालिका वडा नं.१ स्थित भालुवाङ वजार क्षेत्रमा स्थानतरण गर्ने।

राजेश मल्लाह

राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८३।८४
बैठक नं.-०३
मिति २०८३।०६।२३

निर्णय नं.१४ यस राप्ती गाउँपालिकाको चालु आर्थिक वर्ष **२०८३/८४** अन्तर्गत **असोज मसान्तसम्म** भएको वित्तीय प्रगतिको विस्तृत समीक्षा गरियो। समीक्षाका क्रममा चालु आर्थिक वर्षका लागि स्वीकृत कुल अनुमानित बजेटको **२७% (सताइस प्रतिशत) आम्दानी** भएको र कुल बजेटको **११.९०% (एघार दशमलव नौ शून्य प्रतिशत) खर्च** भएकोमा उक्त आम्दानी तथा खर्चको स्थिति सन्तोषजनक रहेको र आगामी दिनमा बजेट कार्यान्वयन र खर्चको दरलाई थप प्रभावकारी एवं उच्च बनाउने।

निर्णय नं.१५ राप्ती गाउँपालिका वडा नं.१ को भालुवाङ वजारको सडक डिभाईडरमा रहेका सम्पुर्ण पोल वत्ती र विलवोड एपेक्स नेपाल प्रा.लि.को लगानीमा निर्माण भएको र उक्त उक्त निर्माण वत्तीको विल समेत सोही कम्पनीवाट भुक्तानी हुदै आएको सन्दर्भमा उल्लेखीत कम्पनीलाई पोल वोड तथा विल वोड सम्झौता तथा अनुमति प्रदान गर्ने।

निर्णय नं.१६ राप्ती गाउँपालिका वडा नं.१ निवासी मिन बहादुर नेपालीलाई उपचारको लागी रु ८ हजार उपलब्ध गराउने।

निर्णय नं.१७ राप्ती गाउँपालिका वडा नं.१ निवासी माधव सुवेदी विभिन्न शारिरिक सुसंगठन प्रतियोगीतामा सहभागी भई गोल्ड मेडल प्राप्त गरी यस गाउँपालिकाको गौरव वढाएको हुदा निजलाई गाउँपालिकाको तर्फवाट सम्मान गर्ने।

निर्णय नं.१८ चालू आर्थिक वर्ष २०८३/०८४ मा राप्ती गाउँपालिकाको पशुसेवा शाखातर्फ "पशु वृद्धाश्रम र गौशाला सञ्चालन तथा व्यवस्थापन" का लागि विनियोजन भएको कुल रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) बजेट खर्च गर्ने सम्बन्धमा निम्नानुसार निर्णय गरियो:

क)पशु आहारा खरिदका लागि सम्झौता गर्ने:
विनियोजित कुल रकममध्ये रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) पशु वृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्र (राप्ती-२, लालमटिया) लाई पशु आहारा खरिदका लागि उपलब्ध गराउने गरी नियमानुसार सम्झौता अगाडि बढाउने।

ख)पराल संकलन तथा ढुवानी (बाँकी रकम व्यवस्थापन):
बाँकी रहेको रु. २,००,०००।- (दुई लाख रुपैयाँ) बजेटबाट गाउँपालिका भित्रका कृषकहरूसँग आवश्यक समन्वय मार्फत वातावरण प्रदुषण रोक्नका लागि खेतबारीमा पराल जलाउने कार्यलाई पूर्ण रूपमा निरुत्साहित गर्दै, उक्त पराल संकलन तथा ढुवानी गरी विभिन्न गौशालाहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाउने।

निर्णय नं.१९ राप्ती गाउँपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र,ताहाचाल काठमाण्डौ वीच सम्झौता भए बमोजिम बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र,राप्ती गाउँपालिका तथा उपभोक्ता वीचको लागत साझेदारीमा संचालित खाना पकाउने १००० विधुतिय चुलो खरिदको लागी राप्ती गा.पा.को आ.व.२०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम विभिन्न संघसस्थासंग लागत साझेदारीमा गर्नुपर्ने कार्यक्रम खर्च शिर्षकबाट रु ७ लाख ७३ हजार स्रोत सुनिश्चित गर्ने।

निर्णय नं.२० अस्मा चौधरीले यस राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मसुरिया,दाङ समेतलाई विपक्षी बनाई निषेधाज्ञा जारी गरि पाँउ भनि श्री उच्च अदालत,तुलसीपुर,दाङमा मुद्दा नं.०८३-WO-००१९ दायर गरी सम्मानित उच्च अदालत तुलसीपुरवाट राप्ती गा.पा.का नाममा म्याद जारी भएकाले उक्त मुद्दामा राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको तर्फबाट लिखित जवाफ पेश गरी तारेखमा रहि मुद्दा पूर्पक्षका लागी यस कार्यालयका सहायक कम्प्युटर अधिकृत श्री सुबास भट्टराईलाई प्रतिनिधि तोक्ने।

२०८३।०६।२६

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत